आज मिति २०७५/७/१३ गतेका दिन विहान ८ बजे यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्रबहादुर चन्दको अध्यक्षतामा कार्यपालिका बैठक बसी तपशिलको उपस्थितीमा तपशिल बमोजिमको निर्णय गरियो ।

श्री भुपेन्द्रबहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, उप प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष, वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष, वडा नं. २
श्री जीत बहादुर सुनार, वडा अध्यक्ष, वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष, वडा नं. ४
श्री प्रेम बहादुर सारु, वडा अध्यक्ष, वडा नं. ५
श्री बलबहादुर खड्का, वडा अध्यक्ष, वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष, वडा नं. ७
श्री पदमबहादुर खत्री, वडा अध्यक्ष, वडा नं. ८
श्री लक्ष्मन राना, वडा अध्यक्ष, वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष, वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष, वडा नं. ११
श्री रमना दमाई, का.वा.वडा अध्यक्ष, वडा नं. १२
श्री टिकाराम सुवेदी, वडा अध्यक्ष, वडा नं. १३
श्री प्रतिक्षा विक - कार्यपालिका सदस्य
श्री खिमकुमारी राना - कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री - कार्यपालिका सदस्य
श्री भुमीकला सुनार - कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी - कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी - कार्यपालिका सदस्य
श्री विष्णु खत्री - कार्यपालिका सदस्य
श्री मान बहादुर ठाडा, नि.प्रमुख प्रशासकिय अधिकृत्-सचिव
श्री कुलबहादुर खड्का, प्रशासन, योजना तथा अनुगमन शाखा (सहयोगी)

Scanned by CamScanner

**प्रस्ताव नं. १ : इन्जिनियर नियुक्ती सम्बन्धमा ।**

निर्णय नं. १ : माथि उल्लेखित प्रस्तावको सम्बन्धमा छलफल गर्दा यस नगरपालिकामा रिक्त रहेका इन्जिनियर पद हाल रिक्त रहेको र उक्त पद खाली रहँदा नक्सापास तथा प्राविधिक कार्य प्रभावित भएकाले उक्त पदमा भेरीगंगा नगरपालिका ९ को विजय कुमार खत्रीसँग दैनिक ज्यालादारीमा सेवा खरिद गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२ : लेखा समिति गठन सम्बन्धमा ।**

निर्णय नं. २ : माथि उल्लेखित प्रस्तावको सम्बन्धमा छलफल गर्दा यस नगरपालिकाको आर्थिक, वित्तिय तथा पारदर्शिता कायम गर्न र वित्तिय सूचना प्रभावकारी बनाउनका लागि जनप्रतिनिधी तथा कर्मचारीहरुको समिति रहने गरी ५ सदस्यीय लेखा समिति गठन गर्ने निर्णय गरियो । समितिको काम, कर्तव्य र अधिकार कानून वमोजिम हुनेछ ।

<u>तपसिल</u>

१ रेणु आचार्य, उप प्रमुख : संयोजक

२ तिलकराम डाँगी, वडा नं. ११ अध्यक्ष : सदस्य

३ मान बहादुर बुढा वडा नं. १० अध्यक्ष : सदस्य

४ पदम बहादुर खत्री, वडा नं. ८ अध्यक्ष : सदस्य

५ मान बहादुर ठाडा, लेखा अधिकृत, सदस्य

**प्रस्ताव नं. ३ : राहत रकम प्रदान सम्बन्धमा ।**

निर्णय नं. ३ : यस नगरपालिकाको वडा ११ मा भएका फुड पोइजनका कारण भएका विरामीहरुको उपचार वापत राहत रकम स्वरुप ४९ हजार ५ सय ९५ रुपैयाँ वडाबाट सिफारिस भई आएकाले विपद् व्यवस्थापन शिर्षकवाट विल भपाई हेरी प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : वायोग्यास कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।**

निर्णय नं. ४ : यस नगरपालिकाबाट बायोग्यास शिर्षकमा विनियोजन भएको रकमबाट बायोग्यास निर्माण गर्नका लागि प्रस्ताव माग गरी कार्य संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ : आ.ले.प. गर्ने सम्बन्धमा ।

निर्णय नं. ५ : उपरोक्त सम्बन्धमा यस नगरपालिकाको आ.व. २०७४/०७५ सालको आ.ले.प. गर्नका लागि कोष तथा लेखा नियन्त्रक कार्यालय सुर्खेतलाई अनुरोध गर्ने निर्णय गरियो ।

Scanned by CamScanner